नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

पत्र संख्याः
चलानी संख्याः

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

आज मिति २०८१/०१/१३ का दिन राष्ट्रिय विकास परिषद्का अध्यक्ष सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहल 'प्रचण्ड'ज्यूको अध्यक्षतामा राष्ट्रिय विकास परिषद्को बैठक सम्पन्न भयो। आर्थिक बर्ष २०८१/८२ देखि २०८५/८६ सम्म कार्यान्वयन हुने सोह्रौं योजनालाई अन्तिम रुप दिनका लागि उक्त योजनाको मस्यौदा उपर छलफल गरी राय सुझाव सँकलन गरियो। उक्त वैठकलाई संवोधन गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूले आवधिक योजनाले तय गरेका लक्ष्य हासिल गर्न राजनीतिक दलहरुकाबीचमा साझा धारणा कामय गरेर अगाडि बढ्नु अति आवश्यक रहेको बताउनुभयो। सोह्रौं योजनाले लिएको सोच, लक्ष्य एवम् रणनीतिका सम्बन्धमा आफ्नो महत्वपूर्ण सुझाव प्रदान गरी योजनाको दस्तावेजलाई सबैको साझा योजनाको रुप प्रदान गर्न अनुरोध गर्नुभयो।

आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठज्यूले सोह्रौं योजनाको मस्यौदाको समग्र अन्तरवस्तु प्रस्तुती गर्नु भएको थियो। उक्त कार्यक्रममा पूर्व प्रधानमन्त्री एवम् नेकपा समाजवादीका अध्यक्ष एवम् प्रतिनिधिसभा सदस्य श्री माधव कुमार नेपालज्यू, माननीय उपप्रधान एवम् स्वास्थ्य मन्त्री श्री उपेन्द्र यादवज्यू, माननीय श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्री डोर प्रसाद अर्यालज्यू, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष तथा पूर्व अर्थमन्त्री डा. युवराज खतिवडाज्यू, पूर्वअर्थमन्त्री तथा प्रतिनिधिसभा सदस्य डा. प्रकाशशरण महतज्यू एवम् पूर्वमन्त्री एवम् प्रतिनिधसभा सदस्य श्री रञ्जिता श्रेष्ठज्यूले मस्यौदा उपर सुझाव सहितको आ-आफ्नो मन्तव्य राख्नु भएको थियो। उक्त कार्यक्रममा माननीय उपप्रधानमन्त्रीज्यूहरु, माननीय मन्त्रीज्यूहरु, माननीय मुख्यमन्त्रीज्यूहरु, संसदीय समितिका सभापतिज्यूहरु, संघीय संसदमा प्रतिनिधित्व गर्ने विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूहरु, राष्ट्रिय विकास परिषद्का सदस्यज्यूहरु, प्रदेश योजना आयोगका उपाध्यक्ष तथा पदाधिकारीज्यूहरु, नेपाल सरकारका मुख्य सचिवज्यू एवम् सचिवज्यूहरु, गाउँपालिका राष्ट्रिय महासंघ, नगरपालिका संघ, जिल्ला समन्वय समिति महासंघका अध्यक्ष तथा प्रतिनिधिहरु, निजी क्षेत्रका छाता संगठनका प्रतिधिनि लगायत विभिन्न विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो।

बैठकको उद्‌घाटन सत्रको शुरुआतमा राष्ट्रिय योजना आयोगका सचिव डा. तोयनारायण ज्ञवालीज्यूले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो।

बैठकको दोस्रो सत्रमा आयोगका माननीय सदस्यज्यूहरूको संयोजकत्वमा सम्पूर्ण सहभागीहरुलाई सातवटा विषयक्षेत्रगत समूहहरुमा विभाजन गरी छलफल तथा अन्तरक्रिया मार्फत् सुझाव प्राप्तगरी सातवटै समूहका तर्फबाट प्रस्तुतीकरण एवम् छलफल गरिएको थियो।

बैठकको समापन सत्रमा छलफलबाट प्राप्त भएका मुख्य मुख्य सुझावहरू संक्षिप्त रुपमा प्रस्तुत गर्दै आयोगका सचिव डा. तोयनारायण ज्ञवालीज्यूले यी सुझावहरुलाई मस्यौदामा समावेश गर्ने गरी सोह्रौं योजनाको मस्यौदालाई राष्ट्रिय विकास परिषदको बैठकमा पेश गर्नुभयो। उक्त प्रस्ताव उपरको छलफलमा भाग लिंदै माननीय अर्थमन्त्रीज्यू, प्रदेश सरकारका माननीय मुख्य-मन्त्रीज्यूहरु, नेपाल सरकारका श्रीमान् मुख्य सचिवज्यू, निजी क्षेत्रका छाता संगठनका

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

पत्र संख्याः
चलानी संख्याः

सिंहदरबार, काठमाडौं

अध्यक्षज्यूहरू, नेपाल गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिका सङ्घ र जिल्ला समन्वय समिति महासङ्घ नेपालका अध्यक्षज्यूहरूले आ आफ्नो धारणा व्यक्त गर्नुभएको थियो।

समापन सत्रमा सम्माननीय प्रधानमन्त्रीज्यूले सोह्रौं योजनाले कृषि एवम् अन्य सम्पूर्ण उत्पादनशील क्षेत्रको विकासमा उल्लेखनीय योगदान पुऱ्याउदै उत्पादन, उत्पादकत्व अभिबृद्धि गरी रोजगारी प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो। साथै यस योजनालाई संघ, प्रदेश र स्थानीय तहले अपनत्व लिई कार्यान्वयनमा लैजाने विश्वास व्यक्त गर्दै बैठकमा प्राप्त सुझावहरुलाई समावेश गरी योजनाको मस्यौदालाई अन्तिम रुप दिन राष्ट्रिय योजना आयोगलाई निर्देशन दिंदै राष्ट्रिय विकास परिषद्को बैठक समापन गर्नुभएको थियो ।

मितिः २०८१/०१/१३

यमलाल भूसाल
सहसचिव एवम् प्रवक्ता